# वार्षिक प्रतिवेदन

# आ.व. २०८२/०८३



## कर्जा असुली न्यायाधिकरण

## नयाँ बानेश्वर, काठमाडौं

**सम्पादान** : कर्जा असुली न्यायाधिकरण

**प्रकाशक** : कर्जा असुली न्यायाधिकरण

**आर्थिक वर्ष** : २०८२/०८३

**फोन नम्बर** : ०१-४५३३६४५

०१-४५३३६४६

**ईमेल** : info@lrt.gov.np, mudda@lrt.gov.np, myad@lrt.gov.np,

admin@lrt.gov.np

**वेभसाईड** : www.lrt.gov.np

# कर्जा असुली न्यायाधिकरणमा कार्यरत
# अध्यक्ष तथा सदस्यहरू



अध्यक्ष : श्री कृति बहादुर बस्नेत



सदस्य : श्री वसन्तराज पुरी



सदस्य श्री गोविन्द शर्मा गैह्रे

# कर्जा असुली न्यायाधिकरण

## नयाँ बानेश्वर, काठमाडौं

(स्था. २०८२)

पत्र संख्या:-

चलानी नं.:-

### मन्तव्य

सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ ले निर्दिष्ट गरेको कार्यक्षेत्र र जिम्मेवारी अनुरूप न्यायाधिकरणले आ.व. २०८२/०८३ मा सम्पादन गरेका मुख्य कार्य, हाँसिल गरेका उपलब्धि तथा अनुभवहरूलाई समेटी यो वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ। न्यायाधिकरणको स्थापना भएदेखि हालसम्मको कार्यसम्पादन, प्राप्त अनुभव, देखिएका चुनौती तथा तिनको समाधानका लागि अवलम्बन गरिएका उपायहरूलाईसमेत यस प्रतिवेदनमा समग्र रूपमा समेटिएको छ।

न्यायिक सेवा प्रवाहलाई छिटो छरितो, प्रभावकारी, पारदर्शी र जनउत्तरदायी बनाउने हाम्रो निरन्तर प्रयासको प्रतिफलका रूपमा स्थापनाको पहिलो वर्ष मै अपेक्षित उपलब्धी हासिल गर्न सफल भएको छ। सीमित स्रोत साधनका बीच पनि कार्यसम्पादनमा देखिएको सकारात्मक सुधार, जिम्मेवारीप्रतिको प्रतिबद्धता र उपलब्ध स्रोतको प्रभावकारी परिचालनले न्यायाधिकरणको संस्थागत क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

संस्थालाई समयानुकूल, सबल र परिणाममुखी बनाउन निरन्तर सुधारमा जोड दिनु हाम्रो प्रमुख आधार हो। गत वर्षको अनुभवबाट सिक्दै नवीन सोच, प्रविधिको उपयोग, कार्यप्रक्रियामा सुधार तथा सरोकारवालासँगको सहकार्यलाई थप प्रभावकारी बनाउँदै न्यायाधिकरणलाई उत्कृष्ट न्यायिक सेवा प्रदान गर्ने संस्थाका रूपमा स्थापित गर्ने दिशामा हामी निरन्तर अघि बढिरहेका छौं।

यस प्रतिवेदनमा प्रस्तुत लक्ष्य, कार्यदिशा, उपलब्धि र आगामी प्राथमिकताहरू न्यायाधिकरणको भावी यात्राका महत्वपूर्ण आधार हुन्। संस्थाको कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउन सम्बन्धित निकाय, सरोकारवाला तथा शुभेच्छुकहरूबाट प्राप्त हुने रचनात्मक सुझाव, सहयोग र सहकार्यलाई हामी अत्यन्त मूल्यवान् ठान्दछौं।

अन्त्यमा, प्रतिवेदन तयार गर्न आवश्यक तथ्याङ्क, सूचना तथा जानकारी समयमै उपलब्ध गराई प्रतिवेदनलाई यस रूपमा ल्याउन महत्वपूर्ण सहयोग गर्नु हुने शाखा अधिकृत श्री नविन मैनाली तथा सम्बद्ध सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं। आगामी दिनमा पनि सबैको निरन्तर सहयोग, विश्वास र सहकार्यबाट न्यायाधिकरणले अझ प्रभावकारी, विश्वसनीय र जनउत्तरदायी न्यायिक सेवा प्रवाह गर्न सफल हुने विश्वास लिएका छौं।

धन्यवाद!

२४ भाद्र, २०८३

| गोविन्द शर्मा गैहे | वसन्तराज पुरी | कृति बहादुर वस्नेत |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

# मन्तव्य

आर्थिक वर्ष २०८२/८३ को यस वार्षिक प्रतिवेदनलाई प्रकाशन तथा सार्वजनिक गर्न पाउँदा म अत्यन्त हर्षित छु। सहकारी संस्थाहरूमा प्रवाहित ऋण समयमै असुलउपर नहुँदा समग्र सहकारी अभियान र बचतकर्ताहरूको लगानी जोखिममा पर्ने अवस्थालाई मध्यनजर गर्दै, सहकारी क्षेत्रको वित्तीय अनुशासन कायम राख्न यस कर्जा असुली न्यायाधिकरणको स्थापना भएको हो।

स्थापनाको छोटो अवधि (२०८२/०३/२५) मै यस कार्यालयले संस्थागत आधारशिला निर्माण, सहकारी संस्थाहरूबाट प्राप्त ऋण असुलीका निवेदनहरूको लगत सङ्कलन र प्रभावकारी असुली प्रक्रियाका लागि आवश्यक कानुनी तथा प्रशासनिक तयारीहरू पूरा गरेको छ। सहकारी ऐन २०७४ तथा नियमावली २०७५ र प्रचलित कानुन बमोजिम असुलउपर हुन नसकेका सहकारी संस्थाका ऋणहरू कानुनी दायरामा ल्याई समयमै असुलउपर गर्नु हाम्रो प्रमुख दायित्व हो। यस अल्पअवधिमा सम्पादित कार्यहरूको विस्तृत विवरण यस प्रतिवेदनमा समेटिएको छ।

यस कार्यालयको स्थापना र सञ्चालनमा निरन्तर मार्गदर्शन तथा सहयोग पुऱ्याउनु हुने भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका **माननीय मन्त्री श्री प्रतिभा रावलज्यू**, श्रीमान् सचिवज्यू श्री **मदन भुजेलज्यू**, सर्वोच्च अदालतका रजिस्टार **श्रीमान् भद्रकाली पोखरेलज्यू**, सहकारी अभियानका अगुवाहरू, सम्बन्धित सहकारी संस्थाहरू, तथा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवाला महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै, सीमित साधनस्रोतका बावजुद पनि अहोरात्र खटिएर न्यायोचित तवरले ऋण असुलीको कार्यमा सहयोग पुऱ्याउनु हुने मेरा सम्पूर्ण सहकर्मी कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। साथै यस न्यायाधिकरणका अध्यक्ष श्री कृति बहादुर बस्नेतज्यू तथा सदस्य श्री गोविन्द शर्मा गैरेज्यू र सदस्य श्री बसन्तराज पुरीज्यू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

आगामी दिनहरूमा सहकारी क्षेत्रमा वित्तीय सुशासन कायम गराउन, जोखिममा रहेका निक्षेप तथा ऋणको सुरक्षित असुली गर्न र सेवालाई अझ बढी प्रभावकारी बनाउन हामी कटिबद्ध रहनेछौं। यो प्रतिवेदन आगामी दिनको कार्यदिशा तय गर्न एक मार्गदर्शक दस्तावेज बन्नेछ भन्ने विश्वास लिएको छु। धन्यवाद।

**(अच्युत श्रेष्ठ)**
**कर्जा असुली अधिकृत/उपसचिव**
**भदौ २०८३**

# आर्थिक वर्ष २०८२/०८३ को
# संक्षिप्त झलक

१. आ.व. २०८२/०८३ मा अघिल्लो वर्षबाट जिम्मेवारी सरी आएको ०, नयाँ दर्ता भएका ५८८ समेत जम्मा ५८८ थान चालु मुद्दा रहेकोमा १४८ फछ्र्यौट भै ४४० थान मुद्दा आ.व. २०८३/०८४ को लागि जिम्मेवारी सरेको अवस्था छ।

२. आ.व. २०८२/०८३ मा सहकारी संघ संस्थाहरुको मुद्दा फछ्र्यौट संख्या १२२ र मिलापत्र संख्या २६ समेत जम्मा १४८ थान मुद्दा फछ्र्यौट भएको छ।

३. आ.व. २०८२/०८३ मा निर्णय कार्यान्वयन तर्फ हेर्दा अघिल्लो वर्षबाट जिम्मेवारी सरेको मुद्दा संख्या ० थान, रहेको देखिन्छ।निर्णय कार्यान्वयनको लागि प्राप्त भएका आदेश संख्या ५७ मध्ये फछ्र्यौट भएका जम्मा मुद्दा संख्या १ तथा कार्यान्वयनको क्रममा रहेका मुद्दा संख्या जम्मा ५६ थान आगामी वर्षका लागि जिम्मेवारी सरेको देखिन्छ।

४. आ.व. २०८२/०८३ मा अभिलेख शाखामा जम्मा ८३ थान मिसिल रहेका छन्।

५. आ.व. २०८२/०८३ मा मिलापत्र/लगतकट्टा वापत रु. ८,८९,८०,१२१.०० असुल भएको छ। आ.व. २०८२/०८३ मा निर्णय कार्यान्वयन/लगतकट्टाबाट जम्मा १३,०८,०१९.०० असुल भएको छ। इजलासबाट मिलापत्र भएका २६ र निर्णय कार्यान्वयन भएका १ सहित २७ थान मुद्दाबाट कुल रु. ९,०२,८८,१४०.०० असुल भएको छ।

६. आ.व. २०८२/०८३ मा न्यायिक दस्तुर वापत रु. ४४,९९,४८४.५७ र अन्य दस्तुर (प्रतिउत्तर, निवेदन) वापत रू. ५८,०८२.०० सहित कुल रू. ४५,५७,५६६.५७ राजश्व असुल भएको छ।

७. आ.व. २०८२/०८३ मा चालुतर्फ रु. २,०१,३२,५४०।- तथा पूँजीगततर्फ रु. ४०,६६,०००।- गरी जम्मा रु. २,४१,९८,५४०।- बजेट विनियोजन भएकोमा चालुतर्फ रु. १,५३,७९,१८४.०३ तथा पूँजीगततर्फ रु. ३९,४७,११३।- गरी जम्मा रु. १,९३,२६,२९७.०३ खर्च भएको छ।

# विषयसूची

भाग — १ : प्रारम्भिक
१.१ पृष्ठभूमिः ........................................................................ १
१.२ न्यायाधिकरण सम्बन्धी व्यवस्थाः ........................................................ २
भाग — २ : न्यायाधिकरणबाट सम्पादित कार्यहरुको विवरण
२.१ मुद्दा/निवेदनको लगत, फछ्र्यौट र बाँकीको विवरणः .............................. ८
२.२ निर्णय कार्यान्वयनसँग सम्बन्धित विवरणः ............................................ ८
२.३ दस्तुर तथा शुल्क सम्बन्धी विवरणः ................................................ ११
२.४ धरौटी सम्बन्धी विवरणः............................................................ ११
२.५ अभिलेख सम्बन्धी विवरणः.......................................................... १२
२.६ न्यायाधिकरणको भौतिक विवरणः.................................................... १२
२.७ वित्तीय विवरणः .................................................................. १३
भाग — ३ : न्यायाधिकरणको योजना र विकास
३.१ न्यायाधिकरणको वार्षिक कार्ययोजना ............................................ १४४
३.२ मासिक तथा वार्षिक प्रगति विवरण.................................................. १४
३.३ निर्णय कार्यान्वयनको समष्टिगत प्रगतिः .......................................... १५५
भाग — ४ : जनशक्ति व्यवस्थापन
४.१ न्यायाधिकरणमा कार्यरत जनशक्तिको विवरणः ................................... १६६
४.२ पदाधिकारीहरुको कार्य अवधि विवरण तालिका ................................. १७७
भाग — ५ : समस्या र सुझाव
५.१ विषय प्रवेशः........................................................................ **१८**
५.२ समसामयिक समस्या र समाधानका उपायहरुः ..................................... **१९**
भाग — ६ : विविध
६.१ सहकारी ऐन, २०७४ को दफा ८२ कर्जा असुली न्यायाधिकरण सम्बन्धमा भएको व्यवस्था............................................................................ २७
६.२ सहकारी नियमावली, २०७५ को परिच्छेद १० मा कर्जा असुली न्यायाधिकरण सम्बन्धमा भएको व्यवस्था................................................. २७

# भाग - १
# प्रारम्भिक

## १.१ पृष्ठभूमि:

विश्व सन्दर्भ हेर्दा सन् १८४४ को डिसेम्बर २१ का दिन बेलायतको रोचडेल सहरमा बसोबास गर्ने कपडा कारखानामा काम गर्ने २८ जना मजदुरहरुले एक-एक पाउण्ड संकलन गरी 'Rochdale Society of Equitable Pioneers' गठन भए पश्चात आधुनिक सहकारीको अवधारणा सुरुवात भएको थियो। नेपालको सन्दर्भमा वि.स. २०१० सालमा योजना विकास तथा सहकारी मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना गरी औपचारिक रुपमा सहकारी विकासको आधार तय भएको थियो। त्यसैगरी वि.सं. २०१३ साल चैत्र २० गते बखान सिंह गुरुङ्को नेतृत्वमा चितवन जिल्लाको बखानपुरमा बखान कर्जा समितिको रुपमा पहिलो सहकारी संस्था गठन गरेको पाईन्छ भने सोही वर्षभित्र बखान कर्जा समितिसमेत गरी जम्मा १३ वटा प्रारम्भिक संस्थाहरु स्थापना भएका थिए। तत्पश्चात् वि.सं. २०१६ सालमा सहकारी संस्था ऐन, वि.सं. २०४८ सालमा सहकारी ऐन, २०४८ र हाल कार्यान्वयनमा रहेको सहकारी ऐन, २०७४ जारी भई सहकारी अभियानले व्यापकता पाएको थियो। बचत तथा कर्जा सहकारीको तीव्र विस्तारसँगै यस क्षेत्रले सर्वसाधारण तथा साना उद्यमीहरूमा वित्तीय पहुँच पुऱ्याउन, बचत गर्ने बानी बसाल्न र स्थानीय स्तरमा पुँजी निर्माण गर्न महत्त्वपूर्ण योगदान पुऱ्यायो।

वि.सं. २०४७ सालको राजनीतिक परिवर्तनपश्चात् आर्थिक उदारीकरणको नीतिसँगै सहकारी संस्थाहरूको संख्यामा उल्लेख्य वृद्धि भयो। तर, तीव्र सङ्ख्यात्मक वृद्धिसँगै प्रभावकारी नियमन, अनुगमन, र आन्तरिक सुशासनको कमीका कारण समयक्रममा सहकारी क्षेत्रमा विभिन्न समस्याहरू देखिन थाले। नेपालमा संघीय शासन प्रणाली प्रारम्भ भएपछि सहकारी क्षेत्र पनि संघीय, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकारभित्र परेको छ। विशेष गरी बचत तथा कर्जा सहकारी संस्थाहरूमा गैर-जिम्मेवारपूर्ण कर्जा प्रवाह, सञ्चालकहरूको स्वार्थ बाझिने गरी गरिएको लगानी, र कमजोर जोखिम

व्यवस्थापनका कारण उल्लेख्य रूपमा खराब तथा निष्क्रिय कर्जा (NPL) सिर्जना हुन पुग्यो।

नेपालको वित्तीय स्थायित्वका लागि सहकारी क्षेत्रमा देखिएको संकट समाधान गर्नु अनिवार्य महसुस गरियो। सहकारी संस्थाहरूमा रहेको सर्वसाधारणको बचत सुरक्षित गर्न, निष्क्रिय कर्जाको छिटो-छरितो ढङ्गबाट कारबाही र किनारा लगाई ऋणीबाट लिनुपर्ने कर्जाको साँवा तथा ब्याज रकम असुल उपर गराउने उद्देश्यका साथ सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ को प्रावधानअनुसार वि.सं. २०८२ साल असार २५ गते एक विशिष्टीकृत न्यायिक निकायको रूपमा कर्जा असुली न्यायाधिकरणको स्थापना भएको हो।

यस न्यायाधिकरणले सहकारी क्षेत्रको खराब कर्जा असुली सम्बन्धी मुद्दाहरूको न्यायिक प्रक्रियाद्वारा शीघ्र फछ्र्यौट गरी ऋणीबाट साँवा ब्याज असुल गराउने, सहकारी संस्थाहरूको वित्तीय स्वास्थ्य सुधार गर्ने, र समग्र सहकारी प्रणालीप्रति सर्वसाधारण बचतकर्ताको गुमेको विश्वास पुनः अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ।

## १.२ न्यायाधिकरण सम्बन्धी व्यवस्था:

नेपालको संविधानको धारा १५२ को उपधारा (१) मा १२७ मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न संघीय कानून बमोजिम अन्य विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था रहेको छ। मिति २०८२/०३/२५ देखि यस न्यायाधिकरणले सहकारी संघ संस्थाको कर्जा असुलीसम्बन्धी मुद्दाहरुको छिटोछरितो ढङ्गबाट कारबाही र किनारा गरी ऋणीबाट लिनु पर्ने कर्जाको साँवा तथा व्याज रकम असुल उपर गर्दै आएको छ।

### १.२.१ न्यायाधिकरणको स्थापना र गठन:

सहकारी संस्थाहरुको कर्जा असुली सम्बन्धी मुद्दाहरूको छिटो, छरितो एवम् प्रभावकारी ढङ्गबाट शुरु कारबाही र किनारा गरी सहकारी संस्थाहरुले आफ्ना ऋणीहरुबाट उठाउन नसकेको कर्जा असुलउपर गर्ने गराउने उद्देश्यले सहकारी ऐन,

२०७४ को दफा ८२ तथा सहकारी नियमावली, २०७५ को नियम ४२ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।०३।१३ को निर्णयानुसार मिति २०८२।०३।२३ को राजपत्रमा सूचना प्रकाशित गरी एक जना अध्यक्ष तथा दुई जना सदस्य सहितको तीन सदस्यीय कर्जा असुली न्यायाधिकरण गठन भएको हो। यस कर्जा असुली न्यायाधिकरणले मिति २०८२।०३।२५ गतेदेखि काठमाडौंको नयाँ बानेश्वरस्थित सहकारी रजिष्ट्रारको कार्यालय परिसरमा कार्यालय स्थापना गरेर आफ्नो काम कारबाही नियमित रूपमा गरिरहेको छ।

### १.२.२ सदस्यहरुको नियुक्ति सम्बन्धी व्यवस्था:

सहकारी नियमावली, २०७५ को नियम ४२ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायबमोजिमको कर्जा असुली न्यायाधिकरण गठन गर्न सक्ने व्यवस्था रहेको छः-

(क) जिल्ला अदालतको न्यायाधीश हुने योग्यता पुगेको नेपाल न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत -अध्यक्ष

(ख) सहकारी, अर्थशास्त्र वा व्यवस्थापनमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी नेपाल सरकार, नेपाल प्रशासन सेवामा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत स्तरको पदमा तीन वर्षको अनुभवप्राप्त व्यक्ति - सदस्य

(ग) चार्टर्ड एकाउन्टेन्सी वा सोसरहको परीक्षा उत्तीर्ण गरी वा व्यवस्थापनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा 'ख' श्रेणीको लेखापरीक्षकको प्रमाणपत्र प्राप्त गरी लेखापरीक्षणमा कम्तीमा तीन वर्षको अनुभवप्राप्त व्यक्ति -सदस्य

अध्यक्ष पदमा नियुक्ति गर्नु अघि न्याय सेवा आयोगको परामर्श लिनुपर्नेछ।

अध्यक्ष तथा सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र उनीहरू थप एक कार्यकालका लागि पुनः नियुक्त हुन सक्नेछन्।

### १.२.३ इजलासको गठन सम्बन्धी व्यवस्था:

न्यायाधिकरणमा तीन सदस्यीय इजलास रहने छ। न्यायाधिकरणको अधिकार क्षेत्रको प्रयोग सो न्यायाधिकरणका सदस्यहरूले समूहिक रूपमा गर्नेछन् र सहमति

नभएमा बहुमतको निर्णय मान्य हुनेछ। अध्यक्ष सहित दुई जनाको उपस्थितिमा मुद्दाको कारबाही र किनारा गर्न सकिनेछ। न्यायाधिकरणमा हाल एउटा इजलास रहेको छ।

**१.२.४ न्यायाधिकरणको क्षेत्राधिकार:**

सहकारी ऐन, २०७४ को दफा ८२ तथा सहकारी नियमावली, २०७५ को नियम ४३ ले न्यायाधिकरणलाई आफ्नो क्षेत्राधिकारभित्र पर्ने सहकारी संघ संस्थाहरुको कर्जा असुली सम्बन्धी मुद्दाहरुको शुरु कारबाही तथा किनारा गर्ने अधिकार प्रदान गरेको छ। स्थापनाकालदेखि नै सहकारी संघ संस्थाहरुको कर्जा असुली सम्बन्धी मुद्दाहरुको सुरू कारबाही र किनारा न्यायाधिकरणबाट हुँदै आएको छ।

न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग तीनैजना सदस्यले सामूहिकरुपमा गर्ने र बहुमतको राय न्यायाधिकरणको निर्णय मानिने व्यवस्था रहेको छ। अध्यक्षसहित दुई जनाको उपस्थिति भएमा मुद्दाको कारबाही र किनारा गर्न सकिन्छ।

**१.२.५ उजूरी निवेदन सम्बन्धी व्यवस्था:**

सहकारी संस्थाले आफूले असुलउपर गर्नुपर्ने रकम असुलउपर गर्न नसकेको खण्डमा असुलउपर गराई पाउन कर्जा असुली न्यायाधिकरणसमक्ष उजुरी दिनुपर्नेछ। तर यसरी उजुरी दिनुभन्दा अघि उजुरीकर्ता सहकारी संस्थाले कर्जा असुलउपर गर्न यथेष्ट मात्रामा प्रयास तथा कारबाही भएको हुनु पर्नेछ। कर्जा असुली सम्बन्धमा पर्याप्त कारबाही गर्दासमेत कर्जा असुल हुन नसकेमा मात्र न्यायाधिकरणमा उजूरी निवेदन दिन सकिने व्यवस्था रहेको छ। त्यस्तो उजूरी निवेदन कर्जाको भाखा नाघेको एक वर्षपछिको चार वर्षभित्र दिनुपर्नेछ ।

उजूरी निवेदनसाथ सहकारी संस्थाले दाबी गरेको रकमको ०.२५ प्रतिशतले हुन आउने रकमसमेत कर्जा असुली शुल्क बापत अग्रिमरुपमा न्यायाधिकरण समक्ष बुझाउनु पर्ने हुन्छ। उजूरी निवेदन दर्ता भएपछि न्यायाधिकरणबाट प्रतिवादीलाई सबुद प्रमाणसहित प्रतिउत्तर पेश गर्न १५ दिनको म्याद जारी गर्ने व्यवस्था रहेको छ।

**१.२.६ अन्तरिम आदेश जारी गर्न सक्ने व्यवस्था:**

सहकारी नियमावलीको नियम ४६ बमोजिम न्यायाधिकरणमा विचाराधीन रहेको कुनै पनि मुद्दाका सम्बन्धमा कर्जा लिनको लागि राखिएको धितो वा ऋणीको जमानत दिने व्यक्तिको स्वामित्व वा कब्जामा रहेको वा हक भएको चल वा अचल सम्पत्ति हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न आवश्यक छ भन्ने कुरा पक्षको उजुरी निवदेनको आधारमा लागेमा अर्को आदेश नदिएसम्म त्यस्तो सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयको नाममा अन्तरिम आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित कार्यालयको कर्तव्य हुने व्यवस्था छ।

### १.२.७ मिलापत्र सम्बन्धी व्यवस्था:

सहकारी नियमावली, २०७५ को नियम ४८ बमोजिम कर्जा असुली न्यायाधिकरणमा कारबाही तथा किनारा गर्न बाँकी रहेको कुनै मुद्दामा मिलापत्र गर्ने उद्देश्यले उजुरी निवेदनवाला र प्रतिवादी दुवैले आफूहरू मिल्ने व्यहोराको निवेदन कर्जा असुली न्यायाधिकरणसमक्ष दिएमा सो निवेदनको व्यहोरा वादी प्रतिवादी दुवैलाई पढी बाँची सुनाई त्यसको मतलब र परिणामसमेत जानकारी गराउँदा दुवै पक्षले मञ्जुर गरेमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि कर्जा असुली न्यायाधिकरणले मिलापत्र गराइदिन सक्नेछ।

कर्जा असुली न्यायाधिकरणले मुद्दा मिलापत्र गराईसकेपछि ऋणीसँग मिलापत्र गर्दा मागदाबी रकमको शून्य दशमलव पचास प्रतिशतले हुन आउने रकम मिलापत्र दस्तुरबापत आधा आधा गरी उजुरी निवेदनवाला र प्रतिवादी दुवैले कर्जा असुली न्यायाधिकरणमा बुझाउनुपर्नेछ। त्यसरी मिलापत्रबापत लाग्ने दस्तुर उजुरी निवेदन दर्ता गराउँदा अग्रिम रूपमा बुझाएको कर्जा असुली शुल्कबाट कट्टी गरी समायोजन गर्ने व्यवस्था छ।

### १.२.८ कर्जा असुली सम्बन्धी व्यवस्था:

सहकारी नियमावली, २०७५ को नियम ४७ बमोजिम मुद्दामा निर्णय सुनाई सकेपछि उक्त निर्णय उपर चित्त नबुझ्ने पक्षबाट पुनरावेदन परेको अवस्थामा सम्बन्धित उच्च अदालतको निर्णय प्राप्त भएपछि र पुनरावेदन नपरेको अवस्थामा पुनरावेदन दिने

म्याद भुक्तान भएपछि निर्णय कार्यान्वयन गर्न नियमावलीको नियम ५० मा कर्जा असुली अधिकृतको नाममा समयावधि तोकी आदेश दिने व्यवस्था रहेको छ।

कर्जा असुली अधिकृतले न्यायाधिकरणको आदेश प्राप्त गरेपछि सो आदेशमा तोकिएको समयावधि भित्र नियमावलीको नियम ५२ बमोजिम ऋणीबाट कर्जा रकम असुल गरी सम्बन्धित सहकारी संस्थालाई दिलाई भराई दिनु पर्ने व्यवस्था रहेको छ। न्यायाधिकरणबाट आदेश प्राप्त भएपश्चात कर्जा असुली अधिकृतले ऋणीबाट कर्जाको साँवा व्याज रकम असुल उपर गर्दा सहकारी नियमावली, २०७५ तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कारबाही अवलम्बन गर्न सक्ने व्यवस्था छः-

- ऋणीलाई बढीमा सात दिनको म्याद दिई कर्जाको सम्पूर्ण साँवा व्याज रकम न्यायाधिकरणमा बुझाउन ल्याउन आदेश दिने,
- ऋणीको धितो राखिएको वा नराखिएको अन्य चल वा अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,
- जमानत दिने व्यक्तिको चल वा अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,
- कुनै व्यक्ति विशेष ऋणी वा जमानत दिने व्यक्ति भएकोमा त्यस्तो व्यक्तिलाई पक्राउ गरी प्रचलित कानूनबमोजिम थुनामा राख्ने।

नियमावलीको नियम ५२ मा उल्लेख भएअनुसार सहकारी संस्थाको कर्जा असुली भइसकेपछि असुली भएको कर्जा रकमको एक प्रतिशत रकम कर्जा असुली शुल्क बापत सम्बन्धित सहकारी संस्थाले न्यायाधिकरणलाई बुझाउनु पर्ने हुन्छ। सहकारी संस्थाले त्यसरी कर्जा असुली शुल्क बुझाउँदा निजले उजुरी निवेदन दर्ता गर्दाका बखत बुझाएको ०.२५ प्रतिशत रकम कर्जा असुली शुल्क बापतको रकममा कटाई बाँकी रकम मात्र बुझाउनु पर्ने व्यवस्था छ।

### १.२.९ पुनरावेदन सम्बन्धी व्यवस्था:

सहकारी नियमावली, २०७५ को नियम ४९ बमोजिम न्यायाधिकरणको निर्णय उपर चित्त नबुझ्ने पक्षले सो निर्णयको प्रतिलिपि प्राप्त गरेको मितिले पैतिस दिनभित्र सहकारी संस्था रहेको क्षेत्रको उच्च अदालतमा पुनरावेदन दिनसक्ने व्यवस्था रहेको

छ। पुनरावेदन गर्दा कर्जा असुली न्यायाधिकरणले गरेको निर्णयबमोजिम असुलउपर गर्नुपर्ने ठहर भएको रकमको तीस प्रतिशत रकम धरौटीबापत नगदै जम्मा गर्नु पर्नेछ।

# भाग - २
# न्यायाधिकरणबाट सम्पादित कार्यहरुको विवरण

## २.१ मुद्‌दा/निवेदनको लगत, फर्छ्यौट र बाँकीको विवरणः

न्यायाधिकरणबाट सम्पादन हुने विभिन्न कामहरुमध्ये निर्णय एक प्रमुख कार्य हो। यसमा आ.व. २०८२/०८३ मा नयाँ दर्ता भएका उजुरी निवेदन र निर्णय भएका मुद्दाहरुको विवरण देहायका तालिकामा उल्लेख गरिएको छः-

### (क) मुद्‌दाको समष्टिगत विवरण:

न्यायाधिकरणको अभिलेखअनुसार गत आ.व.को मुद्दाको लगत, फछ्र्यौट र बाँकीको स्थिति देहायको तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. १**

| सि.नं. | आ.व. | जिम्मेवारी सरेको | नयाँ दर्ता भएको | जम्मा मुद्दा संख्या | फैसला संख्या | मिलापत्र संख्या | जम्मा फछ्यौट | फछ्र्यौट प्रतिशत | जम्मा बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०८२/०८३ | ० | ५८८ | ५८८ | १२२ | २६ | १४८ | २५.१७ | ४४० |

उल्लिखित तालिका अनुसार आ.व. २०८२/०८३ मा चालु मुद्दा ५८८ थान रहेकोमा १४८ थान फछ्र्यौट भई ४४० थान जिम्मेवारी सरेको देखिन्छ। यस न्यायाधिकरणमा भएका जम्मा मुद्दा संख्याको आधारमा मुद्दाको फछ्र्यौट प्रतिशत आ.व. २०८२/०८३ मा २५.१७ रहेको छ।

## २.२ निर्णय कार्यान्वयनसँग सम्बन्धित विवरण:

(क) निर्णय कार्यान्वयनको लागि पठाइएका मुद्दाको विवरणः

न्यायाधिकरणको कर्जा असुलीसम्बन्धी मुद्दा अन्तिम कारबाही र किनारा सम्पन्न भएपछि कार्यान्वयनका लागि सहकारी नियमावली, २०७५ को नियम ५० बमोजिम

आ.व. २०८२/०८३ मा कर्जा असुली अधिकृत समक्ष पठाइएका मुद्दाको विवरण देहाय बमोजिम रहेको छः-

**तालिका नं. २**

| क्र.सं. | आ.व. | निर्णय कार्यान्वयनको लागि भएको आदेश संख्या |
|---|---|---|
| १ | ०८२/०८३ | ५७ |

निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा आ.व. ०८२/०८३ मा ५७ थान मुद्दा सहकारी नियमावली, २०७५ को नियम ५० बमोजिम कर्जा असुली अधिकृत समक्ष पठाइएको देखिन्छ।

### (ख) निर्णय कार्यान्वयनको समष्टिगत विवरण:

न्यायाधिकरणमा कार्यान्वयन तहमा रहेको मुद्दा कार्यान्वयनका लागि अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका र चालु आर्थिक वर्षमा निर्णय कार्यान्वयनका लागि नियम ५० बमोजिम प्राप्त भएका मुद्दाहरु गरी जम्मा मुद्दा संख्या तथा कार्यान्वयनका क्रममा भएका लिलामी कारबाही, लगत कट्टा र जेथा नभएका कारण मुलतवी रहेका मुद्दालाई फछ्र्यौट अन्तर्गत राखी आ.व. २०८२/०८३ को निर्णय कार्यान्वयनको संख्यात्मक विवरणलाई देहायका तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ३**

| क्र.सं. | आ.व. | जिम्मेवारी सरेको | नयाँ दर्ता भएको | जम्मा मुद्दा संख्या | लिलामी/लगतकट्टा संख्या | जेथा नभएका कारण मुलतवी रहेको संख्या | जम्मा फछ्र्यौट संख्या | कार्यान्वयन चरणमा रहेको मुद्दा संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०८२/०८३ | ० | ५७ | ५७ | ० | ० | १ | ५६ |

आ.व. २०८२।०८३ मा गत आ.व.बाट जिम्मेवारी सरेको मुद्दा संख्या ० र नयाँ दर्ता ५७ गरी जम्मा ५७ मुद्दाको लगत कायम भएकोमा १ थान फछ्र्यौट भई ५६ थान बाँकी रहेको देखिन्छ। यसबाट लगत अनुपातका आधारमा १.७५ प्रतिशत

फछ्यौट भई ९७.२५ प्रतिशत कार्यान्वयनको चरणमा रहेको अवस्था अवस्था छ। आ.व. २०८२/०८३ का लागि ५६ थान मुद्दाको जिम्मेवारी सरेको अवस्था छ।

## (ग) कर्जा असुली रकमसम्बन्धी विवरण:

आ.व. २०८२/०८३ मा मुद्दा विचाराधीन रहेकै अवस्थामा मुद्दा मिलापत्रबाट र निर्णय कार्यान्वयनको क्रममा असुल भएको रकमसमेत गरी कूल कर्जा असुल भएको रकमको विवरण छुट्टा छुट्टै रुपमा देहायबमोजिम प्रस्तुत गरिएको छ।

### (अ) मिलापत्रबाट असुल भएको रकमसम्बन्धी विवरण:

नियमावलीको नियम ४८ मा मिलापत्र गर्ने व्यवस्था रहेको छ। न्यायाधिकरणले मिलापत्रलाई प्राथमिकताकासाथ प्रोत्साहन गर्दै आएको छ। आ.व. २०८२/०८३ मा मुद्दा मिलापत्र भई असुल भएको रकमको विवरण देहाय बमोजिम रहेको छः-

**तालिका नं. ४**

| आ.व. | मिलापत्र भएका मुद्दा संख्या | मिलापत्रबाट असुल भएको रकम जम्मा रु. |
|---|---|---|
| २०८२/०८३ | २६ | ८,८९,८०,१२१.०० |

उल्लिखित तालिकाअनुसार इजलासबाट मुद्दा मिलापत्र भई आ.व. २०८२/०८३ मा रु. ८,८९,८०,१२१.०० असुल भएको देखिन्छ।

### (आ) निर्णय कार्यान्वयनबाट असुली भएको रकमसम्बन्धी विवरण:

आ.व. २०८२/०८३ मा कर्जा असुली शाखाबाट निर्णय कार्यान्वयनको क्रममा असुल उपर भएको रकमको विवरण देहाय बमोजिम रहेको छः-

**तालिका नं. ५**

| आ.व. | फछ्यौट भएको जम्मा मुद्दा संख्या | फछ्यौटबाट असुली भएको जम्मा रकम रु. |
|---|---|---|
| २०८२/०८३ | १ | १३,०८,०१९.०० |

निर्णय कार्यान्वयनबाट आ.व. २०८२/०८३ मा रु. १३,०८,०१९.०० असुल भएको देखिन्छ।

साथै इजलासबाट मिलापत्र भएका २६ र निर्णय कार्यान्वयन भएका १ सहित कुल २७ थान मुद्दाबाट कुल रु. ९,०२,८८,१४०.०० असुल भएको छ।

## २.३ दस्तुर तथा शुल्क सम्बन्धी विवरण:

सहकारी नियमावली, २०७५ को नियम ४४ बमोजिम उजुरी निवेदन दर्ता गर्दाका बखत दाबी रकमको ०.२५ प्रतिशतले हुने रकम कर्जा असुली शुल्क बापत, नियमावलीको नियम ४८ मा भएको व्यवस्थाअनुसार मुद्दा मिलापत्रबाट दाबी रकमको ०.५० प्रतिशतले हुने रकम मिलापत्र दस्तुर बापत र नियमावलीको नियम ५६ मा भएको व्यवस्थाअनुसार निर्णय कार्यान्वयनको क्रममा असुल भएको रकमको १ प्रतिशतले हुने कर्जा असुली शुल्कको विस्तृत विवरण निम्न बमोजिम रहेको छः-

**तालिका नं. ६**

| आ.व. | न्यायिक दस्तुर | अन्य दस्तुर | जम्मा दस्तुर |
|---|---|---|---|
| २०८२/८३ | ४४,९९,४८४.५७ | ५८,०८२.०० | ४५,५७,५६६.५७ |

उल्लिखित तालिकाअनुसार आ.व. २०८२/०८३ मा न्यायिक दस्तुर बापत रु.४४,९९,४८४.५७ दाखिला भएको छ। साथै अन्य दस्तुर (प्रतिउत्तर, निवेदन) बापत रू.५८,०८२.०० असुल भएको देखिन्छ। यसबाट जम्मा दस्तुर तथा शुल्क बापत रू.४५,५७,५६६.५७ असुल भएको देखिन्छ।

## २.४ धरौटी सम्बन्धी विवरण:

न्यायाधिकरणमा चालु आ.व.मा प्राप्त धरौटी रकम तथा फिर्ता सम्बन्धी विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. ७**

| धरौटी | | | यस आ.ब. मा | | जम्मा खर्च | बाँकी जम्मा |
|---|---|---|---|---|---|---|
| गत आ. व.को | यस आ. व.को | जम्मा | फिर्ता भएको | जफत भएको | | |
| ०.०० | ३७,९४,३५२.२५ | ३७,९४,३५२.२५ | १३,०८,०१९.०० | ० | १३,०८,०१९.०० | २४,८६,३३३.२५ |

## २.५ अभिलेख सम्बन्धी विवरण:

न्यायाधिकरणबाट निर्णय भई अभिलेख शाखामा रहेका मिसिलहरुको अघिल्ला वर्षको विवरण र आर्थिक वर्ष २०८२/०८३ मा दर्ता भएका मुद्दाहरुको विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. ८**

| सि.नं. | गत वर्षसम्मको मिसिल संख्या (२०८२ असार मसान्तसम्म) | आ.व. २०८२/०८३ मा दर्ता भएका मिसिल संख्या | जम्मा मिसिल संख्या |
|---|---|---|---|
| १ | ० थान | ८३ थान | ८३ थान |

## २.६ न्यायाधिकरणको भौतिक विवरण:

### (क) भवनको स्थिति:

न्यायाधिकरण काठमाडौं महानगरपालिका वडा नं. ३१ नयाँ वानेश्वरमा रहेको तत्कालीन सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको कार्यालय (हाल सहकारी रजिष्ट्रारको कार्यालय) परिसरमा रहेको उक्त कार्यालयको भवनमा रहेका केही कोठाहरूबाट आफ्नो दैनिक प्रशासनिक तथा न्यायिक कार्य सञ्चालन गर्दै आएको छ।

न्यायाधिकरणलाई प्राप्त भएका कोठाहरूबाट इजलास, अध्यक्ष तथा सदस्यहरु र कर्जा असुली अधिकृतको कार्यकक्ष छुट्टा छुट्टै रहेको छ। दुई जना शाखा अधिकृतहरूको लागि एउटा कार्यकक्ष रहेको छ। आर्थिक प्रशासन शाखा, प्रशासन शाखा, जिन्सी प्रशासन शाखा, कर्जा असुली शाखाको लागि एउटा कार्यकक्ष रहेको छ।

दायरी शाखा, मुद्दा शाखा, अभिलेख शाखा र सोधपुछ कक्षको लागि एउटा कार्यकक्ष रहेको छ।

न्यायाधिकरणबाट सेवाग्राहीहरुलाई प्रदान गरिने सेवामा विस्तार, मुद्दा दर्ता संख्यामा भएको वृद्धिको कारण माथि उल्लेखित शाखाहरूलाई छुट्टा छुट्टै कार्यकक्ष आवश्यक पर्ने भएकोले मन्त्रालय समक्ष समस्या समाधानको लागि अनुरोध गरिनेछ। साथै हाल न्यायाधिकरण रहेको भवनलगायतका संरचनाको मर्मत, सम्भार तथा न्यायाधिकरण परिसरको वातावरणलाई स्वच्छ, सफा र सुन्दर बनाई सेवाग्राहीले सकारात्मक परिवर्तनको अनुभूति गर्न सक्ने गरी सुधारका कार्यलाई निरन्तरता भई रहेको छ।

### (ख) अन्य भौतिक सामग्रीको संख्या:

न्यायाधिकरणमा अध्यक्षको लागि एक हलुका सवारी साधन चालू अवस्थामा रहेको छ। २ थान मोटरसाइकलहरु चालु हालतमा रहेका छन्।

न्यायाधिकरणमा ७ ओटा कम्प्युटर, ६ ओटा ल्यापटप चालु हालतमा रहेका छन्। ८ ओटा प्रिन्टर, ३ ओटा फोटोकपी मेसिन, १ ओटा ई-हाजिरी मेसिन रहेका छन्। ९ ओटा रुम ए.सि., ६ वटा टेलिफोन, १ ओटा इन्टरकम टेलिफोन सिस्टम, १ ओटा नेटवर्किङ सिस्टम र १ सि.सि.टि.भि. क्यामेरा सेट रहेका छन्।

## २.७ वित्तीय विवरण:

आ.व. २०८२/०८३ मा प्राप्त भएको बजेट तथा खर्चको आधारमा वित्तीय विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. ९**

| क्र.सं. | विवरण | पुँजिगत | चालु | जम्मा |
|---|---|---|---|---|
| १ | बजेट | ४०६६००० | २०१३२५४० | २४१९८५४० |
| २ | खर्च | ३९४७११३ | १५३७९१८४.०३ | १९३२६२९७.०३ |
| ३ | खर्च प्रतिशत | ९७.०८ | ७६.३९ | ७९.८७ |

प्राप्त बजेट कार्यान्वयनबाट भौतिक प्रगति ९८ प्रतिशत हाँसिल भएको छ।

# भाग - ३
# न्यायाधिकरणको योजना र विकास

## ३.१ न्यायाधिकरणको वार्षिक कार्ययोजना

न्यायाधिकरणबाट सम्पादन गरिने काम कारबाहीहरुलाई प्रभावकारी र योजनावद्ध ढङ्गबाट सञ्चालन गरी न्याय पद्धतिको सुदृढीकरण एवम् विकास गर्ने उद्देश्यले आ.व. २०८२/०८३ को मासिक मुद्दा दर्ता, निर्णय, मिलापत्र, निर्णय कार्यान्वयनको प्रगतिको आधारमा आगामी आर्थिक वर्ष २०८३।०८४ देखि न्यायाधिकरणले वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने उद्देश्य लिएको छ। चालु आ.व. ०८२/०८३ मा प्राप्त अनुभव एवम् उपलब्धीसमेतको समीक्षा गर्दै न्यायाधिकरणको योजनावद्ध सुधार प्रक्रियालाई अघि बढाउने छ।

## ३.२ मासिक तथा वार्षिक प्रगति विवरण

चालु आ.व. २०८२/०८३ मा भएको न्यायाधिकरणको मासिक तथा वार्षिक प्रगति विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छः-

तालिका नं. १०

| क्र. सं. | आ.व. ०८२/०८३ | मुद्दा दर्ता संख्या | फैसला संख्या | मिलापत्र संख्या | जम्मा फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| १. | श्रावण | ० | ० | ० | ० | ० |
| २. | भाद्र | ४ | ० | ० | ० | ४ |
| ३. | असोज | १ | ० | ० | ० | ४ |
| ४. | कार्तिक | २० | ० | ० | ० | २० |
| ५. | मार्ग | ५८ | १ | ० | १ | ५७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | पुष | ९२ | १ | १ | २ | ९० |
| ७. | माघ | ६७ | ३ | १ | ४ | ६३ |
| ८. | फाल्गुन | ४१ | २ | ३ | ५ | ३६ |
| ९. | चैत्र | ९९ | ९ | ३ | १२ | ८७ |
| १०. | बैसाख | ५३ | २८ | ३ | ३१ | २२ |
| ११. | जेष्ठ | ४४ | १६ | ४ | २० | २४ |
| १२. | आषाढ | १०९ | ६२ | ११ | ७३ | ३६ |
| | जम्मा | ५८८ | १२२ | २६ | १४८ | ४४० |

### ३.३ निर्णय कार्यान्वयनको समष्टिगत प्रगतिः

न्यायाधिकरणबाट भएका निर्णय कार्यान्वयनका लागि अघिल्लो वर्षबाट जिम्मेवारी सरेका, चालु वर्षमा नियमावलीको नियम ५० बमोजिम आदेश भई असुली शाखामा प्राप्त भएका तथा मुद्दाको आ.व. २०८२/०८३ सको लगतकट्टा/फछ्र्यौटको विवरण देहायका तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ११**

| क.सं. | आ.व. | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा मुद्दा संख्या | फछ्र्यौट संख्या | फछ्र्यौट प्रतिशत | कार्यान्वयन बाँकी मुद्दा संख्या | असुल भएको रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०८२/०८३ | ० | ५७ | ५७ | १ | १.७५ | ५६ | रू.१३,०८,०१९/- |

# भाग - ४
# जनशक्ति व्यवस्थापन

## ४.१ न्यायाधिकरणमा कार्यरत जनशक्तिको विवरण:

आ.व. २०८२/०८३ मा बहाल रहेका न्यायाधिकरणका अध्यक्ष तथा सदस्य र कार्यरत कर्मचारी सम्बन्धी विवरण निम्नानुसार छन्:-

तालिका नं. १२

| क्र.सं. | पद | नाम थर | श्रेणी | सेवा | समूह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री कृति बहादुर वस्नेत | | | | |
| २ | सदस्य | श्री वसन्तराज पुरी | | | | |
| ३ | सदस्य | श्री गोविन्द शर्मा गैह्रे | | | | |
| ४ | कर्जा असुली अधिकृत | श्री अच्युत श्रेष्ठ | रा.प. द्वितीय | प्रसाशन | सा.प्र. | स्थायी |
| ५ | शाखा अधिकृत | श्री नविन मैनाली | रा.प. तृतीय | प्रसाशन | सा.प्र. | स्थायी |
| ६ | शाखा अधिकृत | विन्दु देवकोटा | रा.प. तृतीय | न्याय | न्याय | स्थायी |
| ७ | लेखापाल | श्री. घनश्याम प्रसाद उपाध्याय | रा.प.अनं. प्रथम | प्रसाशन | लेखा | स्थायी |
| ८ | ना.सु. | श्री विनोद फुयाल | रा.प.अनं. प्रथम | न्याय | न्याय | स्थायी |
| ९ | ना.सु. | श्री आशिष श्रेष्ठ | रा.प.अनं. प्रथम | न्याय | न्याय | स्थायी |
| १० | ना.सु. | श्री जया लामिछाने | रा.प.अनं. प्रथम | प्रसाशन | सा.प्र. | स्थायी |
| ११ | ना.सु. | श्री राजेन्द्र अर्याल | रा.प.अनं. प्रथम | प्रसाशन | सा.प्र. | स्थायी |
| १२ | कम्प्युटर अपरेटर | श्री विनोद चौधरी | रा.प.अनं. प्रथम | विविध | | स्थायी |
| १३ | खरिदार | श्री राधेश्याम साह | रा.प.अनं. द्वितीय | विविध | | स्थायी |
| १४ | डिठ्ठा | श्री गौतम लामा | रा.प.अनं. द्वितीय | न्याय | न्याय | स्थायी |
| १५ | तामेलदार | श्री खोम कुमार नेपाल | रा.प.अनं. द्वितीय | न्याय | न्याय | स्थायी |
| १६ | तामेलदार | श्री तोमलाल पाण्डे | रा.प.अनं. द्वितीय | न्याय | न्याय | स्थायी |
| १७ | ह.स.चा. | श्री. विर सिं तामाङ | श्रेणिविहीन | | | करार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | का.स. | श्री पार्वता खनाल | श्रणिविहीन | | | करार |
| १९ | का.स. | श्री भिम कुमारी गिरी | श्रणिविहीन | | | करार |

## ४.२ पदाधिकारीहरुको कार्य अवधि विवरण तालिका

सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ बमोजिम विशिष्टिकृत न्यायिक निकायको रुपमा २०८२ साल असार २५ गते कर्जा असुली न्यायाधिकरणको स्थापना र गठन भएको छ। न्यायाधिकरणको स्थापना र गठनदेखि हालसम्म कार्यरत अध्यक्ष, सदस्यहरू, कर्जा असुली अधिकृतहरुको कार्य अवधि विवरण देहाय बमोजिम रहेको छः-

(क) **अध्यक्ष, सदस्यहरू र कर्जा असुली अधिकृत**

**तालिका नं. १३**

| क्र.सं. | नाम, थर | पद | कार्य अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | श्री कृति बहादुर वस्नेत | अध्यक्ष | २०८२/०३/२५ | हालसम्म |
| २. | श्री वसन्तराज पुरी | सदस्य | २०८२/०३/२५ | हालसम्म |
| ३. | श्री गोविन्द शर्मा गैह्रे | सदस्य | २०८२/०३/२५ | हालसम्म |
| ४. | श्री कृष्ण प्रसाद सापकोटा | कर्जा असुली अधिकृत | २०८२/०३/२५ | २०८२/०५/०४ |
| ५. | श्री अच्युत श्रेष्ठ | कर्जा असुली अधिकृत | २०८२/०६/३० | हालसम्म |

# भाग - ५
# समस्या र सुझाव

## ५.१ विषय प्रवेश:

न्यायाधिकरणको कार्यलाई सरल, सहज, छिटोछरितो, गुणस्तरीय र प्रभावकारी बनाउनु आजको आवश्यकता हो। उक्त कार्य गर्दा न्यायका सरोकारवालाको सहज पहुँचलाई सुनिश्चितता प्रदान गर्नु पर्दछ। न्यायिक सुनिश्चितताका लागि न्यायाधिकरणले सम्बन्धित ऐन, नियम र कार्यविधि तथा न्याय र कानूनका मान्य सिद्धान्तको प्रयोग गर्ने गरेको छ। न्यायाधिकरणले स्थापनाकालदेखि नै सहकारी संस्थाको कर्जा असुली सम्बन्धी कार्यमा प्रभावकारिता र गुणस्तर अभिवृद्धिमा जोड दिएको छ। न्यायाधिकरणको कार्य सम्पादनलाई विश्लेषण गर्दा सकारात्मक र उत्साहवर्द्धक देखिएको छ। न्याय सम्पादनको क्रममा सहकारी संस्थाहरुको सकारात्मक एवम् सहयोगात्मक भूमिका र ऋणी तथा जमानतकर्ताको उपस्थितिले थप मद्दत प्रदान गरेको छ। ऐन तथा नियमले तोकेको उद्देश्य र समयावधिभित्र निर्णय तथा निर्णय कार्यान्वयनमा शत प्रतिशत उपलब्धि हासिल गर्न नसकिएको भए तापनि स्थापनाको प्रथम वर्षमा नै उलेख्य प्रगति हासिल भएको छ।

न्यायाधिकरणबाट हुने निर्णय तथा निर्णय कार्यान्वयनको सन्दर्भमा लाग्ने समय, कार्यविधि र सर्वसुलभ लगायतका सवालमा सम्बन्धित पक्षबाट विभिन्न सरोकारहरु अभिव्यक्त हुने गरेका छन्। न्यायाधिकरणबाट हुने निर्णय तथा कार्यान्वयन छिटोछरितो तथा प्रभावकारी हुनका लागि लागि प्रचलित ऐन, नियमले निर्धारण गरेको समयावधि, प्रक्रिया, कार्यविधि महत्वपूर्ण हुन्छन्। न्यायाधिकरणबाट सम्पादन हुने कार्यमा सहकारी संस्थाहरु, ऋणी तथा अन्य सरोकारवाला निकायहरुको भूमिका त्यतिकै महत्वपूर्ण रहन्छ। तथापि निर्णय तथा निर्णय कार्यान्वयनमा मूल भूमिका न्यायाधिकरणको नै हुन्छ।

निर्णय तथा निर्णय कार्यान्वयन कार्यलाई छिटो, छरितो, प्रभावकारी र सहज पहुँचयुक्त बनाउन प्रचलित कानून र न्यायिक मूल्य मान्यताहरुको प्रतिकूल नहुने गरी

नीतिगत व्यवस्थाहरु गर्नुपर्ने हुन्छ। न्यायाधिकरणको सुधार र सहयोगका लागि सरकारी निकाय, सहकारी संस्थाहरु तथा अन्य सरोकारवाला निकायहरुको भूमिका महत्वपूर्ण हुन्छ। सुधार भन्ने विषय निरन्तर चलिरहने प्रक्रिया हो। सुधार प्रक्रियालाई वस्तुनिष्ठ तथा प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा विकास भएका नवीन अवधारणालाई आत्मसात गर्नु पर्दछ। तसर्थ, न्यायाधिकरणले सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेको छ।

सहकारी संस्थाहरुमा सुधार तथा प्रगति गर्न र सहकारी संस्थाहरुको नियमन तथा व्यवस्थापन गर्न पछिल्लो समयमा निर्माण भएका ऐन, नियम तथा कार्यविधिको प्रयोगले कार्य सम्पादनमा बढी प्रभावकारीता ल्याएको छ। न्यायाधिकरण स्थापना तथा सञ्चालन गर्न सहकारी ऐन, २०५७४ र सहकारी नियमावली, २०७५ मार्ग दर्शक कानून हुन्। यसका अतिरिक्त २०७५ साल भाद्र १ गते देखि लागू भएका संहिता कानूनहरु, सहकारी संस्था नियमन गर्ने ऐन, नियम तथा कार्यविधि पनि सहयोगी बन्ने गरेका छन्। प्रस्तुत प्रतिवेदनमा आ.व. २०८२/८३ को प्रगति विवरणको अतिरिक्त न्यायाधिकरणले भोग्नु परेका समसामयिक समस्या एवम् सोको समाधानका लागि अवलम्बन गरिएका उपाय र आगामी आर्थिक वर्षमा गरिनु पर्ने कार्यसम्बन्धी सुझावहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### ५.२ समसामयिक समस्या र समाधानका उपायहरुः

**(क)** मुद्दा प्रवाह प्रक्रियालाई छिटो, छरितो, प्रभावकारी, गुणस्तरीय र अनुमानयोग्य बनाउन कामकारबाहीमा प्रभावकारीता तथा सूचना प्रविधिको प्रयोगलाई निरन्तरता दिएको छ। न्यायाधिकरणमा रहेका मुद्दाको फछ्र्यौट कार्यलाई प्रभावकारी बनाउन मुद्दाको पेशी व्यवस्थापन, इजलास व्यवस्थापन तथा समय व्यवस्थापन जस्ता कार्यमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको छ। मुद्दा व्यवस्थापनलाई प्रभावकारी बनाउन सहकारी संस्थाहरुले कर्जा तमसुक लगायत अन्य लिखत कागजातहरु कानून बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्ने हुन्छ। सहकारी संस्थाहरुबाट उजुरी निवेदनसाथ पेश हुने कागजातहरुमा एकरुपता नहुने, विद्यमान ऐन तथा नियममा भएका ढाँचाहरुको पूर्ण पालना नहुने, ऐन, नियम तथा

कार्यविधिमा कर्जा तमसुक लगायतका कागजातका ढाँचा नहुनुले समस्या सृजना गरेको भएपनि सामान्य कानूनको ढाँचा अवलम्बन गर्नु पर्दछ। त्यसैगरी म्याद तामेली कार्यलाई प्रभावकारी बनाउन प्रतिवादीहरुको अद्यावधिक ठेगानाको अभाव लगायतका विषय पनि पेचिलो बन्ने गरेको छ। उल्लिखित समस्याहरुको सम्बोधनका लागि विद्यमान सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा भएको सीमित प्रावधानहरूमा आवश्यक संशोधन गरी सहकारी क्षेत्रको लागि छुट्टै कर्जा असुली ऐन तथा नियमावली जारी गर्नुपर्ने देखिन्छ।सहकारी संस्थाको कर्जा असुलीसम्बन्धी मुद्दाहरुमा प्रयोग हुने ढाँचा तथा कागजातमा एकरुपता ल्याउन ऐन तथा नियममा नै समावेश गरी सम्वोधन गर्नुपर्ने देखिन्छ। म्याद तामेली कार्यलाई वस्तुनिष्ठ बनाउन सहकारी संस्थाहरुले कर्जा प्रवाह लगायतका कार्य गर्दा सम्बन्धित पक्षको साविक तथा हालको ठेगानालाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने देखिन्छ। मुद्दा व्यवस्थापन पद्धतिलाई अझ प्रभावकारी बनाउन, सहकारी संस्थाहरु, मुद्दाका अन्य सरोकारवाला पक्षहरु तथा कानून व्यवसायीको भूमिका पनि महत्वपूर्ण हुन्छ।

(ख) न्यायाधिकरणको स्थापनाको उद्देश्य नै सहकारी संस्थाको कर्जा असुलीसम्बन्धी मुद्दाहरु छिटो, छरितो ढङ्गबाट कारबाही र किनारा गरी ऋणीबाट लिनपर्ने कर्जाको साँवा तथा व्याज रकम असुल उपर गर्ने हो। न्यायाधिकरणमा भएका मुद्दाको निर्णय सन्तोषजनक नै रहेको छ। निर्णय कार्यान्वयन हुन नसक्नुमा मुद्दाको विषयवस्तु, सहकारी संस्थाहरुबाट समयमा भएका आदेश अनुरुपका कागजात प्राप्त नहुनु, निर्णय कार्यान्वयनको लागि समयमै मिसिल पेश नहुनु, सोही विषयवस्तुलाई लिएर उच्च अदालतमा मुद्दा परी निर्णयमा पुग्न कठिनाई हुनु लगायतका कारण छन्। न्यायाधिकरणमा रहेका मुद्दाको फछ्र्यौटलाई थप प्रभावकारी बनाउन पेशी व्यवस्थापन, समय व्यवस्थापन, इजलास व्यवस्थापन तथा जनशक्ति व्यवस्थापनलाई थप व्यवस्थित बनाउनुपर्ने हुन्छ। पुराना मुद्दाको पेशीलाई प्राथमिकता दिइएको छ मिसिलको आन्तरिक निरीक्षणलाई थप प्रभावकारी बनाइएको छ।

(ग) न्यायाधिकरणबाट भएका निर्णय उपर चित्त नबुझाउने पक्षले सम्बन्धित उच्च अदालतमा पुनरावेदन गरेमा उच्च अदालतको फैसला प्राप्त भएपछि तथा पुनरावेदन नपरेको खण्डमा पुनरावेदन गर्ने म्याद व्यतित भएपछि फैसला कार्यान्वयनको लागि सहकारी नियमावली, २०७५ को नियम ५० बमोजिम इजलासबाट कर्जा असुली अधिकृतलाई लिखित आदेश दिने व्यवस्था छ। कर्जा असुली अधिकृतले ऋणी वा जमानीकर्ताले धितोमा राखेको वा नराखेको चल वा अचल सम्पत्ति कानून अनुसार लिलाम बिक्री गरी प्राप्त हुने रकम सम्बन्धित सहकारी संस्थालाई दिलाई दिनुपर्ने व्यवस्था छ। निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाउन कर्जा असुली न्यायाधिकरणले निर्णय भएका मुद्दालाई प्राथमिकताकासाथ धितोको अवस्था बिश्लेषण गरी सहकारी संस्थासँग समन्वय गरी असुली गर्ने गरेको छ। निर्णय कार्यान्वयनको क्रममा मुख्यतः सहकारी संस्थाहरुले कर्जा प्रवाह गर्दा पर्याप्त धितो बिना कर्जा लगानी गर्नु, धितोमा रहेको सम्पत्ति कमसल हुनु, धितोमा रहेको चल अचल सम्पत्ति देखाउन नसक्नु, धितोमा रहेको सम्पत्तिमा समस्या हुनु (चार किल्ला, क्षेत्रफल, लालपूर्जा र फिल्डमा जग्गा फरक पर्नु आदि) जायजेथा वा अन्य सम्पत्ति पत्ता नलाग्नु, ऋणी तथा जमानीकर्ताको अतिरिक्त सम्पत्ति देखाउन नसक्नु, बिना धितो कर्जा लगानी गर्नु, म्याद तामेलीमा कठिनाई हुनु जस्ता समस्याहरु देखिने गरेका छन्। उल्लिखित समस्या समाधानका लागि आगामी दिनमा सहकारी संस्थाहरुले कर्जा प्रवाह गर्दा थप वस्तुनिष्ठ, प्रभावकारी, चुस्तदुरुस्त र यथार्थपरक ढंगबाट गर्नुपर्ने देखिन्छ। कार्यान्वयनमा रहेका निर्णयको हकमा थप सक्रियता, धितोको खोजी, भएका धितोको यथार्थ विवरण उपलब्ध गराउन सहयोग र समन्वयको आवश्यकता देखिन्छ। त्यसैगरी धितोमा रहेको चल अचल सम्पत्तिको लिलाम बिक्री कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने सहकारी संस्था, मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका पदाधिकारी वा प्रतिनिधिहरुको थप समन्वय र सहकार्यको आवश्यकता महसुस गरिएको छ। निर्णय कार्यान्वयनलाई प्रभावकारीता दिन सहकारी संस्थाको सहयोग एवम् समन्वयमा योजनाबद्धरुपमा कार्यक्रम बनाई लागू गर्नुपर्ने देखिन्छ। यसैगरी धितोमा रहेको चल अचल सम्पत्तिको अभिलेख

सूचना प्रविधि मैत्री बनाउने, स्थलगत निरीक्षण तथा अनुगमनलाई प्राथमिकता दिने कार्यमा सहकारी संस्था थप सक्रीय र सजग हुनुपर्ने देखिन्छ।

(घ) न्यायाधिकरणमा सूचना प्रविधिको प्रयोग गरी न्याय सम्पादन तथा निर्णय कार्यान्वयनको काम छिटोछरितो प्रभावकारी र सहज पहुँचयुक्त बनाउन आवश्यक छ। हाल न्यायाधिकरणले वेभसाइट तथा फेसवुक पेज मार्फत दैनिक तथा साप्ताहिक पेशीको जानकारी वेभसाईटमा राख्ने गरेको छ। न्यायाधिकरणको दैनिक कामको लागि आवश्यक सफ्टवेयर निर्माण, सर्वोच्च अदालतसँग समन्वय गरी Case Management System मा संलग्न हुने, अनलाइन मुद्दा दर्ता, मोवाइल एप्सलाई प्राथमिकता दिई कार्य प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ। न्यायाधिकरणको काम कारबाही पूर्णरुपमा स्वचालित बनाउन मुद्दाको दर्तादेखि निर्णय तथा निर्णय कार्यान्वयनसम्मका कामकारबाहीमा सूचना प्रविधिको प्रयोग गर्नु र सरोकारवाला निकाय एवम् मुद्दाका पक्षहरुको सूचना प्रविधिमा पहुँच सुनिश्चित हुन आवश्यक देखिएकोले थप प्रभावकारी बनाउने प्रयास गरिनेछ।

(ङ) मेलमिलाप पद्धतिलाई समेट्ने उद्देश्यकासाथ मेलमिलापसम्बन्धी ऐन, २०६८ र नियमावली, २०७० लागू भईसकेको अवस्था छ। सहकारी नियमावलीको नियम ४८ मा मिलापत्रलाई प्राथमिकतामा राखिएको छ। न्यायाधिकरणमा रहेका मुद्दामा मिलापत्र गर्ने उद्देश्यले उजुरवाला र प्रतिवादी दुवैले आफूहरु मिल्ने व्यहोरा लेखी निवेदन दिनु पर्दछ। तत्पश्चात् आवश्यक प्रक्रिया पुरा गरी मिलापत्र गराई दिने व्यवस्था छ। यस कार्यलाई थप प्रभावकारी बनाउनु आवश्यक छ। जसका लागि विद्यमान ऐन तथा नियममा समसामयिक संशोधन गर्नु पर्दछ। मिलापत्रको प्रकृयाले समयको बचत भई बिना झंझट कर्जा असुली कार्यमा प्रगति हुने देखिन्छ।

(च) न्यायाधिकरणबाट सम्पादन हुने काममा सहकारी संस्था, नेपाल सरकार लगायत नेपाल सरकारका सम्बद्ध निकाय तथा सम्बन्धित सरोकारवालाको समन्वय र सहयोग महत्वपूर्ण हुन्छ। मुख्य गरी सहकारी संस्थाहरुको कर्जा असुली सम्बन्धमा धितोमा रहेको चल अचल सम्पत्तिको लिलाम बिक्री वा स्थलगत

निरीक्षण वा मूल्याङ्कन गर्नुपर्ने सन्दर्भमा खटिने न्यायाधिकरणका अधिकृत तथा कर्मचारीहरुको टोलीलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, स्थानीय तह उजुरवाला सहकारी संस्था, ऋणी समेतबाट आवश्यक सहयोग गर्नुपर्ने हुन्छ। उल्लिखित निकायहरुबीच पनि आपसी सहयोग र समन्वयलाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

(छ) सहकारी संस्थाहरुको कर्जा असुली मुद्दामा सहकारी ऐन तथा सहकारी नियमावली, प्रमुख कानून हुन्। यी कानूनहरुको समसामयिक संशोधन आवश्यक देखिएको छ। उल्लिखित कानूनमा नभएका विषयमा मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, सो अन्तर्गत बनेका नियमावली तथा अन्य अदालतमा प्रयोग हुने कानून आकर्षित हुन्छन्। त्यसैगरी सुरक्षित कारोवार ऐन, २०६३, दामासाहीसम्बन्धी ऐन, २०६३ मा भएका प्रावधान ग्रहण गरिन्छ। यसरी सहकारी क्षेत्रको कर्जा असुलीको लागि विद्यामान सहकारी ऐन तथा नियमावलीमा भएको सीमित व्यवस्थाले न्यायाधिकरणको काम कारबाहीमा सीमितता ल्याएको कारण न्यायाधिकरण सञ्चालनको लागि छुट्टै ऐन, नियम बनाइ लागु गर्नु पर्ने देखिन्छ।

(ज) संगठनको काम कारबाहीमा भौतिक स्थिति र कार्य वातावरण आदिले समेत प्रभाव पारेको हुन्छ। कार्यालय भवनलगायत उपयुक्त कार्य वातावरणको अभावमा संगठन सुधारका कार्यहरू गर्न सकिने अवस्था रहँदैन। न्यायाधिकरणको आफ्नै भवन छैन। हाल सञ्चालनमा आएको भवन तत्कालीन सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र हाल सहकारी रजिष्ट्रारको कार्यालयको रहेको छ। ऐनले सिर्जना गरेको निकायलाई आफ्नो कार्य सम्पादन गर्न आवश्यक न्यूनतम सुविधासहितको स्थायी प्रकृतिको भवन उपलब्ध नभएकाले कार्यालय सञ्चालनमा असुविधा महसुस भइरहेको छ। अतः ऐनले तोकेको जिम्मेवारी प्रभावकारी ढंगले पूरा गर्नका लागि न्यूनतम पूर्वाधारयुक्त भवन वा तत्कालको लागि हाल न्यायाधिकरण सञ्चालनमा रहेको भवनकै केही कोठाहरू थप उपलब्ध हुने व्यवस्था गर्ने गराउनेतर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ।

(झ) न्यायाधिकरणको व्यवस्था सुदृढ गर्न तथा न्यायाधिकरणबाट हुने मुद्दा फछ्र्यौट र कर्जा असुली कार्यको लागि पर्याप्त बजेटको आवश्यकता हुन्छ। पर्याप्त बजेटको अभावमा कार्य सम्पादनमा प्रत्यक्ष प्रभाव पर्दछ। नेपाल सरकारबाट विभिन्न शीर्षकमा निकासा हुने बजेट रकम पनि नपुग हुने भएकोले न्यायाधिकरणको कार्य प्रभावकारी हुन सकिरहेको छैन। आवश्यक बजेटको निकासा सुनिश्चित हुनु जरुरी छ।

(ञ) न्यायाधिकरणको प्रभावकारिता, गुणस्तर र दक्षता बढाउने कार्यमा यससँग संलग्न रहने पदाधिकारी तथा कर्मचारीहरुको भूमिका महत्वपूर्ण रहेको हुन्छ। यहाँका पदाधिकारी तथा कर्मचारीहरुले सहकारी संस्थाहरुमा भैरहेका समसामयिक कार्य प्रकृया सुधारका व्यवस्था, कार्यविधि, समस्या लगायत विविध विषयहरुका बारेमा जानकारी हासिल गर्नु आवश्यक रहन्छ। यस वास्तविकतालाई मध्यनजर राख्दै न्यायाधिकरणका सदस्यहरु र अधिकृत कर्मचारीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका कार्यक्रमहरुमा निरन्तर सरिक गराउने र अन्य कर्मचारीहरुको हकमा नियमितरुपमा कर्जा असुली, सेवा सम्बन्धी वा सम्बन्धित विषयको पुनर्ताजगी तालिमको व्यवस्था हुनु जरुरी छ। यस्तो व्यबस्थाबाट न्यायाधिकरणको प्रभावकारिता र यसबाट सम्पादन हुने कार्यको गुणस्तरमा अभिवृद्धि हुने देखिन्छ।

(ट) कर्जा असुली न्यायाधिकरण सहकारी संस्थाको कर्जा असुलीसम्बन्धी सुरु तहको न्याय निरुपण गर्ने निकायको रूपमा रहेको छ। यस न्यायाधिकरणका अध्यक्ष तथा सदस्यहरुले जिल्ला न्यायाधीश सरह वा यस न्यायाधिकरणको कामको प्रकृतिजस्तै बैङ्क तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने ऋण असुली न्यायाधिकरणका सदस्यहरु सरहको काम कारबाही गर्ने जिम्मेवारीमा रहेर कार्य सम्पादन गर्दै आएको अवस्था छ। तोकिएको जिम्मेवारीअनुसार यस न्यायाधिकरणका अध्यक्ष तथा सदस्यहरुले समान पारिश्रमिक तथा सुविधाहरू पाउनु पर्नेमा पाएको अवस्था छैन। यस न्यायाधिकरणका अध्यक्षले जिल्ला न्यायाधीश सरहको पारिश्रमिक मात्र तथा सहस्यहरुले नेपाल सरकारको सहसचिव सरहको सुरु तलब स्केल मात्र पारिश्रमिक पाउने गरेको हुँदा यस न्यायाधिकरणका पदाधिकारीहरुलाई पनि

कामको प्रकृतिअनुसार जिल्ला न्यायाधीश सरह वा ऋण असुली न्यायाधिकरणका पदाधिकारी सरहको पारिश्रमिक तथा सुविधाहरू उपलब्ध हुने व्यवस्था गर्न आवश्यक देखिएको छ।

(ठ) कर्जा असुली न्यायाधिकरणबाट न्याय सम्पादन छिटो, छरितो, सहज पहुँचयुक्त र प्रभावकारी बनाउने उद्देश्यले आ.व. २०८३/०८४ देखि वार्षिक कार्य योजना बनाई सुधारका प्रयासलाई अगाडि बढाउँदै लैजाने योजना छ। यस क्रममा न्यायाधिकरणले सुधारका कार्यहरुलाई व्यवस्थितरुपमा अगाडि बढाउनको लागि आगामी दिनहरुमा सरोकारवाला पक्षहरुसँग छलफल गरी वार्षिक कार्ययोजना पूर्णरुपमा कार्यान्वयनमा ल्याउन ठोस पहल कदमी लिनेछ। कुनै पनि कार्यलाई योजनाबद्धरूपमा अघि बढाउन चुस्तदुरुस्त व्यवस्थापन पद्धति स्थापित गरिनु आजको आवश्यकता पनि हो। न्यायाधिकरण व्यवस्थापन अन्तर्गत भौतिक व्यवस्थापन, मुद्दा व्यवस्थापन, जनशक्ति व्यवस्थापन, बजेट व्यवस्थापन, सरोकारवालाहरुको सहयोग, समन्वय र सम्बन्ध व्यवस्थापनलगायतका प्रमुख कुराहरु कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ। अतः वार्षिक कार्ययोजना तर्जुमा तथा यसको कार्यान्वयनबाट मात्र यसका काम कारबाहीको वस्तुपरक मूल्याङ्कन हुनसक्छ। यस सम्बन्धमा सम्बन्धित सबै पक्षको सहयोगको अपेक्षा गरिएको छ।

(ड) न्यायाधिकरणले आ.व. २०८३।०८४ बाट वार्षिक कार्ययोजना निर्माण गरी सेवा प्रवाहलाई छिटो छरितो र अनुमान योग्य बनाई जनआस्था र विश्वास अभिवृद्धि गर्ने लक्ष्य लिएको छ। यस न्यायाधिकरणले गर्ने निर्णय एवम् काम कारबाहीबाट प्रभावित रहने सहकारी संस्थाहरु एंव समग्र आर्थिक क्षेत्र, सरोकारबालाहरुप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्नु वाञ्छनीय छ। विगतको अनुभवको पृष्ठभूमिमा रहेर राम्रो कामको जस लिने र नराम्रो कामका लागि जिम्मेवारी स्वीकार गरी सुधारको स्पष्ट खाकासहित अगाडि बढेमा जनविश्वास आर्जन गर्न सक्छ। यस सन्दर्भमा आम सञ्चारलगायत सम्बन्धित सबै पक्षहरूबाट रचनात्मक सहयोगको अपेक्षा गरिएको छ।

अन्त्यमा, विविध समस्याका बावजुद पनि स्थापनाको प्रथम वर्षमा नै प्रगति निकै उत्साहजनक भएको हुँदा आगामी आ.व.मा पनि त्यसरी नै प्रगति हासिल गर्न सकिने

अपेक्षा गरिएको छ। न्यायाधिकरणले गरेका सुधारका प्रक्रिया र आम सरोकारवालाका अपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित समस्याहरुको समाधान न्यायाधिकरणको एक्लो प्रयासबाट मात्र सम्भव हुँदैन। उल्लिखित विषयमा सम्बन्धित सबैको सकारात्मक सोच सहयोग एवम् समन्वय भएमा सम्बोधन हुन सक्दछन् भन्ने विश्वास न्यायाधिकरणले लिएको छ। न्यायाधिकरणलाई परिणाममुखी तथा उद्देश्यमूलक बनाउन कार्यान्वयन तहमा सबैको प्रतिवद्धता आवश्यक छ। योजना निर्माण र कार्यान्वयन, सूचना प्रविधिको प्रयोग, न्यायाधिकरणको आफ्नै भवन, जनशक्तिको क्षमता अभिवृद्धि, न्यायमा पहुँच वृद्धि लगायतका विषयबाट न्यायाधिकरणबाट हुने निर्णय र निर्णय कार्यान्वयन प्रभावकारी हुन्छ। उल्लिखित विषयवस्तुलाई सम्वोधन गर्न नेपाल सरकार, सर्वोच्च अदालत लगायत सम्बन्धित सबै सरोकारवालाको सहयोग, सहकार्य र समन्वयको अपेक्षा गरिएको छ।

# भाग - ६
# विविध

## ६.१ सहकारी ऐन, २०७४ को दफा ८२ कर्जा असुली न्यायाधिकरण सम्बन्धमा भएको व्यवस्था

८२. <u>कर्जा असूली न्यायधिकरण</u> : (१) सहकारी क्षेत्रका लागि एक कर्जा असुली न्यायधिकरण रहनेछ ।

(२) कर्जा असूली न्यायधिकरणको गठन र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## ६.२ सहकारी नियमावली, २०७५ को परिच्छेद १० मा कर्जा असुली न्यायाधिकरण सम्बन्धमा भएको व्यवस्था

४२. **कर्जा असुली न्यायाधिकरणको गठन** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिमको कर्जा असुली न्यायाधिकरण गठन गर्न सक्नेछ :-

(क) जिल्ला अदालतको न्यायाधीश हुने योग्यता पुगेको नेपाल न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत-अध्यक्ष

(ख) सहकारी, अर्थशास्त्र वा व्यवस्थापनमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी नेपाल सरकार, नेपाल प्रशासन सेवामा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत स्तरको पदमा तीन वर्षको अनुभवप्राप्त व्यक्ति-सदस्य

(ग) चार्टर्ड एकाउन्टेन्सी वा सोसरहको परीक्षा उत्तीर्ण गरी वा व्यवस्थापनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा 'ख' श्रेणीको लेखापरीक्षकको प्रमाणपत्र प्राप्त गरी लेखापरीक्षणमा कम्तीमा तीन वर्षको अनुभवप्राप्त व्यक्ति- सदस्य

(२) उपदफा (१) को खण्ड (क) बमोजिम अध्यक्ष पदमा नियुक्ति गर्नु अघि न्याय सेवा आयोगको परामर्श लिनुपर्नेछ ।

(३) कर्जा असुली न्यायाधिकरणको अध्यक्ष तथा सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र उनीहरू थप एक कार्यकालका लागि पुनः नियुक्त हुन सक्नेछन् ।

४३. **कर्जा असुली न्यायाधिकरणको कार्यक्षेत्र** : (१) सहकारी संस्थाको कर्जा असुली सम्बन्धी मुद्दाको शुरु कारबाही तथा किनारा गर्ने अधिकार कर्जा असुली न्यायाधिकरणको हुनेछ ।

(२) कर्जा असुली न्यायाधिकरणको अधिकार क्षेत्रको प्रयोग सो न्यायाधिकरणका सदस्यहरूले समूहिक रूपमा गर्नेछन् र सहमति नभएमा बहुमतको निर्णय मान्य हुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष सहित दुई जनाको उपस्थितिमा मुद्दाको कारबाही र किनारा गर्न सकिनेछ ।

४४. **उजुरी निवेदनसम्बन्धी प्रक्रिया** : (१) सहकारी संस्थाले आफूले असुलउपर गर्नुपर्ने रकम असुलउपर गर्न नसकेको खण्डमा असुलउपर गराई पाउन कर्जा असुली न्यायाधिकरणसमक्ष उजुरी दिनुपर्नेछ ।

तर यसरी उजुरी दिनुभन्दा अघि उजुरीकर्ता सहकारी संस्थाले कर्जा असुलउपर गर्न यथेष्ट मात्रामा प्रयास तथा कारबाही भएको हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा सम्बन्धित सहकारी संस्थाले दाबी गरेको रकमको शुन्य दशमलव पच्चीस प्रतिशतले हुन आउने रकमसमेत

कर्जा असुली शुल्कबापत अग्रिम रूपमा कर्जा असुली न्यायाधिकरण समक्ष बुझाउनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिमको निवेदन कर्जाको भाखा नाघेको एक वर्षपछिको चार वर्षभित्र दिनुपर्नेछ ।

तर यो नियमावली प्रारम्भ हुनुअघि पाँच वर्षभन्दा बढी अवधि भाखा नाघेको कर्जाका हकमा यो नियमावली प्रारम्भ भएको मितिले दुई वर्षभित्र निवेदन दिन सकिनेछ ।

४५. **उजुरी निवेदनको सुनुवाई** : कर्जा असुली न्यायाधिकरणले नियम ४४ बमोजिम उजुरी निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रतिवादीहरूलाई आफ्नो सफाइको निमित्त सबुद प्रमाणसहित प्रतिउत्तर पेस गर्न म्याद जारी गर्नु पर्नेछ र प्रतिवादीले सो अवधिभित्र प्रतिउत्तर-पत्र दाखिल गर्नु पर्नेछ ।

तर काबुबाहिरको परिस्थिति परी सो म्यादभित्र प्रतिवादीले प्रतिउत्तर–पत्र पेस गर्न नसकी सोको कारण खोली त्यसपछिको पन्ध्र दिनभित्र निवदेन दिएमा र त्यस्तो निवेदनको व्यहोरा मनासिव देखिएमा पन्ध्र दिनसम्मको म्याद थप गर्न सकिनेछ ।

४६. **अन्तरिम आदेश जारी गर्न सक्ने** : (१) कर्जा असुली न्यायाधिकरणले आफ्नो विचाराधीन रहेको कुनै मुद्दाका सम्बन्धमा कर्जा लिनका लागि राखिएको धितो वा ऋणीको जमानत दिने व्यक्तिको स्वामित्व वा कब्जामा रहेको वा हक भएको चल वा अचल सम्पत्ति हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न आवश्यक छ भन्ने कुरा पक्षको उजुरी निवदेनको आधारमा लागेमा अर्को आदेश नदिएसम्म त्यस्तो सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयको नाममा अन्तरिम आदेश जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको आदेशको पालना गर्नु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ ।

४७. **मुद्दाको कारबाही किनारा गर्नुपर्ने अवधि** : कर्जा असुली न्यायाधिकरणले प्रतिउत्तर–पत्र दखिला भएकोमा सो दाखिला भएको मितिले र प्रतिउत्तर–पत्र दाखिला नभएकोमा सो दाखिला गर्नुपर्ने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र मुद्दाको अन्तिम कारबाही र किनारा गरिसक्नु पर्नेछ ।

तर नियम ४५ बमोजिम गुज्रेको म्याद थमाउन पाउने म्याद भुक्तान नभई मुद्दाको अन्तिम कारबाही किनारा गर्नु हुँदैन ।

४८. **मिलापत्र हुन सक्ने** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली बमोजिम कर्जा असुली न्यायाधिकरणमा कारबाही तथा किनारा गर्न बाँकी रहेको कुनै मुद्दामा मिलापत्र गर्ने उद्देश्यले उजुरी निवेदनवाला र प्रतिवादी दुवैले आफूहरू मिल्ने व्यहोराको निवेदन कर्जा असुली न्यायाधिकरणसमक्ष दिएमा सो निवेदनको व्यहोरा वादी प्रतिवादी दुवैलाई पढी बाँची सुनाई त्यसको मतलब र परिणामसमेत जानकारी गराउँदा दुवै पक्षले मञ्जुर गरेमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि कर्जा असुली न्यायाधिकरणले मिलापत्र गराइदिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋणीसँग मिलापत्र गर्दा दाबी रकमको शुन्य दशमलव पचास प्रतिशतले हुन आउने रकम मिलापत्र दस्तुरबापत आधा–आधा गरी उजुरी निवेदनवाला र प्रतिवादी दुवैले कर्जा असुली न्यायाधिकरणमा बुझाउनुपर्नेछ तथा त्यसरी मिलापत्रबापत लाग्ने दस्तुर निजले नियम ४४ को उपनियम (२) बमोजिम अग्रिम रूपमा बुझाएको कर्जा असुली शुल्कबाट कट्टी गरी लिइनेछ ।

४९. **पुनरावेदन सम्बन्धी व्यवस्था** : (१) कर्जा असुली न्यायाधिकरणले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले निर्णयको प्रतिलिपि प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सहकारी संस्था रहेको क्षेत्रको उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन गर्दा कर्जा असुली न्यायाधिकरणले गरेको निर्णयबमोजिम असुलउपर गर्नुपर्ने ठहर भएको रकमको तीस प्रतिशत रकम धरौटीबापत नगदै जम्मा गर्नु पर्नेछ ।

५०. **निर्णयको कार्यान्वयन** : (१) कर्जा असुली न्यायाधिकरणले नियम ४७ बमोजिम निर्णय सुनाइसकेपछि सो निर्णयउपर पुनरावेदन परेकोमा उच्च अदालतबाट फैसला प्राप्त भएपछि र पुनरावेदन नपरेकोमा पुनरावेदन दिने म्याद गुज्रेपछि निर्णय कार्यान्वयन गर्न कर्जा असुली अधिकृतको नाममा आदेश जारी गर्नु पर्नेछ ।

(२) कर्जा असुली न्यायाधिकरणले उपनियम (१) बमोजिम आदेश जारी गर्दा निर्णयको कार्यान्वयन गर्ने अवधिसमेत तोकिदिन सक्नेछ ।

५१. **कर्जा असुली अधिकृत** : (१) मन्त्रालयले कर्जा असुली न्यायाधिकरणको निर्णयको कार्यान्वयन गर्न, गराउन मन्त्रालय वा विभागमा कार्यरत कुनै अधिकृतलाई कर्जा असुली अधिकृत तोक्न सक्नेछ ।

(२) कर्जा असुली अधिकृतले कर्जा असुली न्यायाधिकरणको प्रशासनिक प्रमुखको हैसियतमा समेत कार्य गर्नेछ ।

५२. **कर्जा असुली विधि** : (१) कर्जा असुली अधिकृतले कर्जा असुली न्यायाधिकरणको आदेश प्राप्त भएपछि सो आदेशमा तोकिएको म्यादभित्र ऋणीबाट कर्जा रकम असुलउपर गरी सम्बन्धित सहकारी संस्थालाई दिलाइदिनुपर्नेछ ।

(२) कर्जा असुली अधिकृतले कर्जा रकम असुलउपर गर्दा प्रचलित कानूनको अधीनमा रही देहायका विधि अपनाउन सक्नेछ :-

(क) ऋणीको धितो राखिएको वा नराखिएको अन्य चल वा अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,

(ख) जमानत दिने व्यक्तिको चल वा अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,

(ग) कुनै व्यक्ति विशेष ऋणी वा जमानत दिने व्यक्ति भएकोमा त्यस्तो व्यक्तिलाई पक्राउ गरी प्रचलित कानूनबमोजिम थुनामा राख्ने ।

५३. **<u>जमानत दिने व्यक्तिको दायित्व</u>** : (१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहनेछ।

(२) प्रचलित कानूनको अधीनमा रही जमानत बापतको दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुल उपर गर्न सकिनेछ ।

५४. **<u>कर्जा असुली अधिकृतको आदेश कर्जा असुली न्यायाधिकरणको आदेशसरह हुने</u>** : यस नियमावली बमोजिम कर्जा असुलउपर गर्ने सन्दर्भमा कर्जा असुली अधिकृतले दिएको आदेश कर्जा असुली न्यायाधिकरणले दिएको आदेश सरह हुनेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

५५. **<u>कर्मचारी तथा बजेट सम्बन्धी व्यवस्था</u>** : कर्जा असुली न्यायाधिकरणको कार्यसञ्चालन गर्नका लागि नेपाल सरकारले आवश्यक कर्मचारी तथा बजेट उपलब्ध गराउनेछ ।

५६. **<u>सहकारी संस्थाले रकम बुझाउनुपर्ने</u>** : (१) यस नियमावली बमोजिम कर्जा असुल भइसकेपछि असुल भएको कर्जा रकमको एक प्रतिशत रकम कर्जा असुली शुल्कबापत सम्बन्धित सहकारी संस्थाले कर्जा असुली न्यायाधिकरणलाई बुझाउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सहकारी संस्थाले रकम बुझाउँदा नियम ४४ को उपनियम (२) बमोजिम बुझाएको रकम कटाई बाँकी रकममात्र बुझाए पुग्नेछ ।

(३) उपनियम (१) बमोजिम दाखिला हुन आएको रकम कर्जा असुली न्यायाधिकरणले नेपाल सरकारले तोकेबमोजिम सञ्चित खातामा दाखिला गर्नु पर्नेछ ।

५७. **<u>कर्जा असुली न्यायाधिकरणसम्बन्धी अन्य व्यवस्था</u>** : (१) कर्जा असुली न्यायाधिकरणको साङ्गठनिक संरचना नेपाल सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(२) कर्जा असुली न्यायाधिकरणको अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक तथा सेवा शर्त तथा कार्यसञ्चालन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारबाट स्वीकृत भएबमोजिम हुनेछ ।

५८. **<u>कार्यविधि बनाउन सक्ने</u>** : कर्जा असुली न्यायाधिकरणले उजुरी प्रक्रिया, कारबाही, निर्णय कार्यान्वयन लगायतका विषयमा आवश्यक कार्यविधि बनाउन सक्नेछ।




कर्जा असुली न्यायाधिकरण परिवार